**'किरियापुत्र' नभनेर 'किरियापुत्री' किन ?**
बबिता बस्नेत

नेपाली शब्दकोशमा त्यस्ता अनेक शब्दहरू छन् जसले पुरुषलाई मात्र सम्बोधन गर्दछ, अर्थात् पुरुषवाचक शब्दहरू । ती शब्दहरूमध्ये कुनैले पुरुषले गर्ने कार्य या साहसलाई बुझाउँछ त कुनैले पुरुषले मात्र गर्न हुने या गर्न सक्ने भन्ने अर्थ राख्दछ । र, त्यस्ता कतिपय शब्दहरूमा हिजोआज परिवर्तन पनि गर्न थालिएको छ । समानताको अवधारणा राख्ने कतिपय महिला( पुरुषहरू हिजोआज त्यस्ता शब्दहरू सकेसम्म प्रयोग गर्न चाहँदैनन् । जस्तो 'सभापति' भन्ने शब्द पुरुषवाचक भएकोले त्यसको ठाउँमा 'अध्यक्ष' शब्द प्रयोग गर्ने अभ्यास सुरु गरिएको छ । त्यस्तै 'म्यानपावर' अंग्रेजी शब्द भए पनि सर्वसाधारण सबैले यसलाई नेपाली बोलीचालीमै प्रयोग गर्ने गरेको पाइएको छ । 'म्यानपावर' ले पुरुषलाई मात्र समेट्ने हुँदा हिजोआज 'ह्युमन रिसोर्सेस' अर्थात् 'मानव स्रोत' शब्दको प्रयोग धेरैले गर्ने गरेका छन् । राष्ट्रपति, सभापतिदेखि लिएर सेनापतिसम्मले पुरुषलाई नै संकेत गर्दछन् । कतिपय शब्दहरू छन् जो पुरुषका निम्ति मात्रै प्रयोग हुन्छन् र महिलाका लागि त्यसको कुनै वैकल्पिक शब्द छैन । जस्तो 'महापुरुष' भनिन्छ तर 'महामहिला' भन्ने शब्दले शब्दभण्डारमा कहीँ पनि ठाउँ पाएको देखिँदैन । 'महापुरुष' को अर्थ 'ठूला मानिस या पूज्य व्यक्ति' भनी नेपाली शब्दकोशमा उल्लेख गरिएको छ । ठूला र पूज्य व्यक्ति त महिला पनि हुन सक्छन् । तर, उनीहरूका निम्ति भने त्यस्तो कुनै शब्द चयन गरिएको छैन । त्यस्तै 'पुरुषार्थ' को पनि स्त्रीलिंगी शब्द कुनै भेटिँदैन । तर, नेपाली समाजमा एउटा यस्तो शब्द प्रचलित छ जसले महिलालाई सम्बोधन गर्दछ तर काम भने पुरुषले गर्दछन् । पुरुषले मात्रै गर्न हुने मान्यता रहेको त्यो शब्द हो 'किरियापुत्री' । भन्नचाहिँ 'किरियापुत्री' भनिन्छ, कर्मचाहिँ 'पुत्र' बाट गरिन्छ/गराइन्छ । शदियौंदेखि प्रयोग हुँदै आएको 'किरियापुत्री' शब्दको प्रयोग किन र के सन्दर्भमा गरियो भन्ने कुरा धेरैलाई थाहा छैन । नेपाली शब्दकोशमा 'किरियापुत्री' को अर्थ मृतकका नाममा तेह्रौं दिनसम्म गर्नुपर्ने पिण्डपानी आदि और्ध्वदेहिक कार्य गर्ने व्यक्ति, किरिया बस्ने छोरो, छोरासरह मानिएको वंशज वा अन्य कुनै व्यक्ति उल्लेख गरिएको छ । भन्नेचाहिँ 'किरियापुत्री' तर बस्नुपर्नेचाहिँ 'पुत्र' यो कसरी भयो ? प्रश्न उठ्नु स्वाभाविकै हो । हिन्दूधर्म परम्पराअनुरूप कुनै व्यक्ति मरेपछि उसलाई जलाइसकेपछि मात्र 'किरियापुत्री' बस्ने चलन छ । मानिस मरेपछि प्रेत (पिशाच) बन्ने र तेह्र दिनसम्म शुद्धसँग मृतकको नाममा किरियाकर्म गरेपछि प्रेत जुनीबाट मृतक पितृ बन्ने विश्वास गरिन्छ । छोराले बाबुआमाको किरिया बस्ने प्रचलनकै कारण धेरै आमाबाबु छोरा नजन्मिएमा आफू स्वर्ग नपुगिने विश्वास गर्छन् । हिन्दू धर्मशास्त्रअनुसार छोरा पाँच किसिमका हुन्छन् । आफ्नै गर्भको छोरा, मितछोरा, आफूले मन्त्र प्रदान गरेको छोरा, शिक्षा दिएको छोरा (चेलो) र धर्मपुत्र । यी पाँचै प्रकारका छोरामध्ये कोही पनि छैनन् भने मात्रै छोरीले किरिया गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । यद्यपि हिजोआज छोरा हुँदा पनि र नभएका कतिपय छोरीहरूले 'किरियापुत्री' बस्ने प्रचलनको सुरुवात गरेका छन् । समाजसेवी तथा संस्कृत र धर्मशास्त्रकी ज्ञाता अंगुरबाबा जोशी भन्नुहुन्छ( 'धेरै कुराको अर्थ लगाइयो, नबुझेको कुरा गुरुहरूसँग सोधियो, बुझियो तर 'किरियापुत्री' शब्दको बारेमा ध्यानै गएको रहेनछ । त्यसैले यो शब्द कसरी भयो ? भन्ने कुरा म यसै भन्न सक्दिन । तर, छोरा र छोरी दुवैले 'किरियापुत्री' बस्नुपर्छ भन्ने मेरो मान्यता छ । धर्मपुत्री शब्दको अर्थ धर्मछोरी भन्ने हुन्छ । जब 'पुत्री' भन्ने शब्दले छोरी भन्ने अर्थ राख्दछ भने 'किरियापुत्री' शब्दचाहिँ कसरी छोराका लागि बन्यो ? नेपाली कांग्रेसका चिन्तक नरहरि आचार्य पनि यो विषयमा अनभिज्ञ हुनुहुन्छ । 'त्यो विषयमा बुझ्ने कोसिस नै गरिएन' उहाँ भन्नुहुन्छ । कतिपय स्त्रीलिंगी शब्दहरू पुरुषलाई प्रयोग हुने गरेको उल्लेख गर्दै उहाँले भन्नुभयो( पहिला(पहिला राजपरिवारमा राजाले छोरालाई 'नानी' भन्ने चलन थियो । श्री ५ महेन्द्रको पालासम्म पनि 'हाम्रा नानी छोरा वीरेन्द्र' भनेर सम्बोधन हुन्थ्यो । लिखित रूपमै राजकीय प्रचलनमा थियो यो शब्द । तर, पछि श्री ५ वीरेन्द्रको पालादेखि भने यो शब्द त्यसै हरायो । यस्तै स्याङ्जा र तनहुँतिर भान्जीलाई 'बाबु' भन्ने चलन छ । त्यस्तै देवरलाई 'नानी' त धेरै भाउजूहरूले भन्छन् ।
वरिष्ठ साहित्यकार तथा नेपाली शब्दसागरका सम्पादक वसन्तकुमार शर्म्माका अनुसार महिलाहरूको नछुने हुने तथा गर्भवती हुने अवस्थालाई अशुद्ध मानिने हुँदा छोराहरूले किरिया बस्ने परम्पराको सुरुवात भएको हो । छोराले मात्रै किरिया बस्नुमा अन्य कुनै कारण छैन । र, धर्मशास्त्रले छोरीलाई बाबुआमाको किरिया बस्नबाट बर्जित गरेको पनि छैन । उहाँ भन्नुहुन्छ( 'किरियापुत्री बसिरहेकै बेला रजस्वला भएमा शुद्ध नहोला र मृतक पिशाचबाट पितृमा नजाला कि भन्ने आशंकाले छोरीलाई किरियापुत्री बस्नमा निरुत्साहित गरिएको हुनुपर्छ । 'किरियापुत्री' शब्द विशेषणवाचक शब्द भएकोले यही नै शुद्ध भएको र 'किरियापुत्र' भएमा अशुद्ध हुने धारणा उहाँको छ । संस्कृतका विद्वान् तथा पूर्वसांसद विदुर पौडेल भन्नुहुन्छ( 'किरियापुत्री' भन्ने शब्द मन्त्री भनेजस्तै हो । मन्त्री पुलिंगी हो र यसलाई स्त्रीलिंगी पार्नका लागि र मन्त्राणी बनाउनुपर्ने हुन्छ ? 'किरियापुत्री' पनि पुलिंगी नै हो । यो संस्कृतबाट आएको नभएर नेपालीबाटै बनाइएको शब्द हो भन्ने उहाँको भनाइ छ । उहाँ भन्नुहुन्छ( 'छोरीले 'किरियापुत्री' बस्न हुन्छ । धर्मशास्त्रमा छोरीले किरियापुत्री बस्न हुँदैन भनेर कहीँ पनि उल्लेख गरिएको छैन ।' तर, सर्वसाधारणको बुझाइबाट सोच्दा एउटै प्रश्न दोहोरिन्छ( जब धर्मपुत्री, ब्रम्हापुत्री, कर्मपुत्रीजस्ता शब्दहरू छोरीका लागि प्रयोग हुन्छन् भने 'किरियापुत्री' चाहिँ किन हुन सकेन ?

**व्यवसायी महिलाहरू केराबारीमा**
तिलकुमारी शर्मा

'सीप सिकौं आत्मनिर्भर बनौं' भन्ने उद्देश्यलाई शिरोपर गर्दै सीपमूलक काममा संलग्न हुँदै आएका मोरङ केराबारीका महिलाहरू समाजमा उदाहरणका पात्र बनेका छन् ।

‘छोरी घरकी लक्ष्मी हुन्’ भन्ने उखानटुक्कामा लक्ष्मीको पद दिएर घरको चार दिवारमा मात्र सीमित राख्न चाहने हाम्रो समाजमा महिलाहरूलाई घरबाहिरको काममा निस्कन त्यति सजिलो छैन । तर, चुप भई बसे हेपिन्छ, प्रयास गरे बुझिन्छ भनेझैं निरन्तररूपमा आत्मविश्वासका साथ अगाडि बढ्ने हो भने सफलता हात लागेरै छाड्छ भन्ने उदाहरण बनेका छन् केराबारीका महिलाहरू ।

‘दमाईंको काम गर्न थाली, आफू त बिग्री(बिग्री हाम्रोसमेत इज्जत फाल्ने भई’ भनेर मेरै आफन्तहरूले भनेका थिए । तर, अहिले तिनीहरू मकहाँ झुक्न आउँदा खुसी लागेको छ’ केराबारी(१ निवासी हिमा नेपाल थप्छिन्( अनेक समस्या आएर बाटोमा नतेर्सिएका होइनन् तैपनि काम गरेरै छोड्छु भनेर निरन्तर रूपमा लागिपरें आखिर सफल भएँ पनि ।

साप नेपालको सहयोगमा मच्छिन्द्र युवा क्लब केराबारीमा वि.सं. २०४७ सालमा तीनमहिने सिलाइकटाइको सीप लिने अवसर पाएकी थिइन् हिमाले ।

हुन त काठमाडौं सीप सिक्न जाँदा बुबाले गरिखाने जग्गा छँदैछ, बाहिर गएर बस्नुपर्दैन भनेर रोक्न नखोज्नु भएको होइन । तर पनि खाने मुखलाई जुँगाले छेक्दैन भनेझैं बुबाका कुराले उनलाई रोक्न सकेन । त्यहाँबाट फर्किएपछि नारी विकास शाखा कार्यालय सलकपुरकी सभापति सुशीला कार्कीको प्रेरणाले ०५१ सालमा प्राइभेट सिलाइकटाइ तालिम सञ्चालन गर्न थालिन् ।

‘नथाकौं साथी कुनै साँझमा आउनेछ त्यो दिन हाम्रो माझमा’ भन्ने मान्यतालाई प्राथमिकता दिने यी महिलाले लेटाङ, केराबारी, विराटनगरजस्ता ठाउँमा घरेलु तथा साना उद्योग कार्यालय विराटनगरले पटकपटक सीप सिकाउने अवसर प्रदान गऱ्यो । त्यसैबेला लिएको उद्यमशीलता तालिमले पनि उनमा थप क्षमता प्रदान गऱ्यो । केराबारी(५ आमजुँगीकी शान्ति कार्कीसँग मिलेर उनले ०५५ सालमा विराटनगर टेलर्स खोलेर बसिन् । पछि आफैंले प्रशिक्षण दिएकी कुमारी चौधरीलाई टेलर्स जिम्मा लगाएर घर फर्किइन् ।

हिमाले अर्की आफ्नै प्रशिक्षार्थी रत्नमायालाई साथी बनाएर ०५६ सालदेखि आफ्नै घरमा हिमशिला लेडिज टेलर्स खोलिन् । कक्षा १० सम्म पढेका यी दुईको टेलर्समा सिंहदेवी, भोगेटनी, पाटीगाउँ, याङशिला र केराबारी गरी पाँच गाविसका महिलाहरू आउने गर्दछन् ।

हिमा भन्छिन्( मैले सिकाएका एक सय ७५ मध्ये ३०(३१ जनाले व्यवसाय गरेको र एक सयजतिले आफ्नै घरको मात्र कपडा सिलाउने गरेको तथा अन्य निस्क्रिय बसेका छन्, तै पनि म सन्तुष्ट छु ।

छोरीले एक्लै बाहिर बस्नुहुँदैन भनेर रोक्न खोज्ने अभिभावकको समेत मन फर्किन बेर नलाग्नेरहेछ भन्ने कुरा हिमाका बुबाको अभिव्यक्तिबाट प्रष्ट हुन्छ । उहाँ भन्नुहुन्छ( अवसर पाए छोरी पनि छोराभन्दा कम हुँदैनन् भन्ने कुरा मेरी छोरीले प्रमाणित गरिदिएकी छिन् । त्यसैले कोही पनि अभिभावकले छोरीलाई अवसरबाट वञ्चित नगरून् भन्ने अनुरोध गर्दछु ।

महिलाहरू मिलेर काम गर्न सक्दैनन् भन्ने सामाजिक मान्यतालाई छिचोल्दै रत्नमाया यसरी भन्छिन्( हामी काम मात्रैसँगै गर्दैनौं अब त एक(अर्कामा एकछिन भेट नहुँदा पनि एक्लोपन महसुस हुन्छ ।

यसैगरी वडा नं. २ निवासी मीना श्रेष्ठले ०५४ सालमा बेलबारीमा ६ महिने तालिम लिएपछि ०५५ मा मेसिन किनेर घरमै कपडा सिलाउँदासिलाउँदै बालग्राम इटहरीमा छ महिने इम्ब्रोडरी सिकिन् । विगतलाई स्मरण गर्दै उनी भन्छिन्( सिक्न एकदमै गाह्रो भयो । एक हप्तासम्म भाग्न खोजें । तर, अरूले सिक्दा म पनि त सिक्न सक्छु नि । म भागें भने परिवारको समेत इज्जत जान्छ भनेर साहस गरें, आखिर सफल पनि भएँ । इटहरीबाट फर्किएपछि लघु तालिम लिएपछि नारी विकास संघ शाखा कार्यालय केराबारीमा ६(६ महिनाको सिलाइकटाइ प्रशिक्षण तालिम सञ्चालन गरी रहेकी छन् उनी । टेलर्स नखोले पनि गाउँघरका कपडा घरमै सिलाउँदै आइरहेकी छन् ।

इम्ब्रोडरी सिकाउन थुप्रैले अनुरोध गरे पनि प्रत्येक व्यक्तिलाई एक(एकवटा मेसिनको आवश्यकता पर्ने हुँदा अहिले यो काम तुरुन्तै संभव नभएको बताउँछिन् उनी । भविष्यमा पाँच(सातवटा मेसिन किनेर टेलर्स खोलेर इम्ब्रोडरी सिकाउने चाहना छ ।

इख नभएको मानिस र विष नभएको सर्प काम गाल्दैन भनेझैं इखले काम गर्ने अर्की महिला हुन् विमला सुनाम । घरको आर्थिक स्थिति कमजोर भएकाले आफूसँग भएको सीप परिचालन गर्नुपर्दछ भन्ने मान्यता लिएकी विमलाले विवाहपूर्व नै आफ्नै बुबा तथा दाजुसँग सिलाइ सिकेकी थिइन् ।

घरमै कपडा सिलाउँदै आए पनि खासै फाइदा भएन । विभिन्न समस्याका बाबजुद ०५४ सालदेखि केराबारी चोकमा भाडामा कोठा खोजेर टेलर्स खोलिन् । नारी विकास संघ शाखा कार्यालय केराबारीमा बचतकर्ताको हैसियतले लघु व्यवसाय तालिम लिइन् । यसको प्रभावले पनि टेलर्स खोल्न मद्दत मिल्यो उनलाई ।

विमला विगतलाई स्मरण गर्छिन्( आफूसँग एक पैसा थिएन, धेरै ऋण लिन पनि डर लाग्यो । नारी विकास संघबाट दुई हजार लिएर टेलर्स खोलें । उनी अगाडि थप्छिन्( त्यसैबेला संघबाट ३ महिने सिलाइकटाइको तालिमसमेत पाएँ, झन् साहस बढ्यो ।

जहाँ इच्छा त्यहाँ उपाय भनेझैं यदि इच्छा छ भने जस्तोसुकै परिस्थितिमा पनि उपाय र समय निकाल्न सकिन्छ भन्ने पुष्टि अर्की साहसी महिला माया दाहालले गरेकी छन् । घरको सबै काम भ्याएरै काममा गए पनि घरको काम नगरी हिँडी भन्ने शब्द त दैनिक सुन्नुपर्छ( उनी दुखेसो पोख्छिन् । विवाहपश्चात् माइतीबाटै मेसिन ल्याई घरमै गाउँको कपडा सिलाउन थालेकी उनले साथीहरूको अनुरोधमै ०५४ सालमा नारी सिलाइकटाइ प्रशिक्षण केन्द्र खोलिन् र एक वर्षमा १५(२० जनालाई तालिम सिकाउँदैछन् । त्यतिबेला तालिम सञ्चालन गर्दा साथमा तीन सय रुपैयाँ थियो । बाल विकास केन्द्रबाट दुई प्रतिशतका दरले पाँच हजार ऋण लिएँ । फेरि थप पाँच हजार माग गरेकी छु । उनी अगाडि थप्छिन्( तँलाई के समस्या छ मलाई भन् भन्दै दाजुले अर्को मेसिन र अन्य सामानहरूसमेत किनेर दिनुभएको छ । रानी भन्सार कार्यालय विराटनगरमा कार्यरत दाजु मेघराज ढकालले आफूलाई अप्ठ्यारो परेको हरेक समस्या समाधान गरिदिनुभएकोमा खुसी व्यक्त गर्छिन् उनी । आगामी दिनमा मेसिन थप्नुको साथै फेन्सी पसलसमेत राख्ने सोच उनको रहेको छ । उनी आफ्नो अनुभव यसरी व्यक्त गर्छिन्( महिलाहरू आफ्नो

खुट्टामा उभिन नसक्दा ज्यादै दुःख पाइँदोरहेछ भन्ने अनुभवको आधारमा अन्य महिलालाई पनि आत्मनिर्भर बनाउने उद्देश्य राखेकी छिन् उनले ।

**कमजोर प्याकेजिङ महिला उद्यमीको विकासमा बाधक**
विजयबाबु खत्री

विभिन्न संस्थाद्वारा सञ्चालित तालिम र लामो अनुभवले महिला उद्यमीहरू उच्चगुणस्तरीय वस्तु उत्पादन गर्न सक्षम भइसकेका छन् । यद्यपि कमजोर प्याकेजिङ र अपूर्ण लेभलिङले उनीहरूद्वारा उत्पादित समानले आशातित बजार ओगट्न सकेका छैनन् ।
उनीहरूमा यो चेतना बढिसकेको छ । त्यसैले महिला उद्यमीहरू अब प्याकेजिङमा ध्यान दिन थालेका छन् । यसको उदाहरण बनेको छ( महिलाद्वारा उत्पादित समानको उचित बजार व्यवस्थापन गर्दै आएको चिरपरिचित संस्था विन(कोअपरिटिभ ।
विन स्थापना भएको केही वर्षपछि यहाँ तालिम लिएका महिला उद्यमीको सामूहिक उत्पादन अचारको बजार विस्तार गर्न संस्थाले ‘ब्राण्ड’ नाम दिएको थियो ‘नवरस’ । यो अचारले भारतीय अचारलाई झन्डै विस्थापित गरेको छ भने समाजमा नयाँ( नयाँ वस्तुको अचार खाने संस्कृतिलाई उत्कर्षमा पुऱ्याएको छ ।
विगत सात वर्षदेखि विनले नवरस ब्रान्डमा माछा, मासु, मेथी, करेला, तामा, कागती, आँप, लप्सी, लसुन, अदुवा, खुर्सानीलगायत झन्डै दुई दर्जन प्रकारका अचार राजधानीका प्रमुख डिपार्टमेन्टल स्टोरदेखि खुद्रा किराना पसलसम्म बेच्दै आएको छ । यसको पहिचान नै सेतो कागजमा सामान्य फन्टमा नवरस, फ्लेवरको नाम र विनको ठेगाना लेखेर टाँसिएको लेभल थियो ।
यसको अपूर्व स्वादको पारख गरिसकेका उपभोक्ताले लेभल जस्तो भए पनि तिख्खर स्वाद सम्झेर किन्थे । अचारका नयाँ ग्राहक भने भारतीय अचारका नयाँ सिसा र फूलकलरको लेभलिङ गरिएका डृकलगायतमा आँखा लगाउँथे । हुन पनि भारतीयको तुलनामा नवसर अचार हेर्दा नराम्रो नै देखिन्थ्यो पुरानो लेभलिङमा ।
यो तथ्यलाई मध्यनजर राखेर झन्डै ६ महिनाअघिदेखि नवरस अचारको लेभल परिवर्तन गरेर रंगीविरंगी बनाइएको छ । झट्ट हेर्दा यो अचार अब भारतीयभन्दा कम लाग्दैन । यसको विशेषता राम्ररी ग्राहकले पढ्न सक्छन् ।
विगत सात वर्षदेखि नवरस अचार उत्पादन गर्दै आएकी पकनाजोल कालधाराकी सरला भट्टराईले अचारको लेभलमा परिवर्तन गरिएपछि ३० प्रतिशत बढी बिक्री भएको बताइन् । चिनेजानेका सबै ग्राहकले लेभल राम्रो बनाऊ भनेपछि परिवर्तन गरिएको हो( उनले भनिन् ।
उनका अनुसार पहिलाको तुलनामा नयाँ लेभल लगाउँदा प्रतिबोतल एक रुपैयाँसम्म लागत वृद्धि भएको छ । तर, बिक्री वृद्धि भएकाले नाफाको दर पनि बढी नै हुने उनी बताउँछिन् । उनले अझै छुट्टै प्रकारको अचारको प्याकेजिङ गर्न सके बिक्री वृद्धि हुने जानकारी दिइन् । तर, नेपालमा कारखाना नभएकाले भनेजस्तो सिसा उद्यमीले पाउँदैनन् ।
बजारमा गुडविल भयो भने जसोतसो धानिंदोरहेछ( उनी भन्छिन्( बजार ओगट्नका लागि त आकर्षक प्याकेजिङ र लेभलिङ चाहिन्छ । उनी राम्रो आकर्षक प्याकेजिङ भएको समानले आफूलाई आकर्षित गर्ने बताउँछिन् ।
विन कोअपरेटिभकी महाप्रबन्धक उषा गंगोलले बजारमा प्रतिस्धर्पा गर्न गाह्रो भएकाले सबै महिला उद्यमीद्वारा उत्पादित समानको प्याकेजिङ तथा लेभलिङमा परिवर्तन गर्नुपर्ने आवश्यकता बोध गरेको बताइन् । गुणस्तरीय उत्पादन भए पनि बजार लिन सकिँदैन( उनी भन्छिन् ।
स्तरीय प्याकेजिङ र पूर्ण लेभलिङ नभएकाले महिला उद्यमीका वस्तु निर्यात गर्न समस्या भएको उनले बताइन् । विकसित मुलुकमा उपभोक्तालाई लोभ्याउन वस्तुको प्याकेजिङ र लेभलिङमा निकै खर्च गरिन्छ । त्यसैले हाम्रा वस्तुले विदेशी बजारमा प्रतिस्पर्धा गर्न सक्दैनन् ।
गंगोलका अनुसार प्याकेजिङ भएका वस्तु राम्रो देखाउने मात्र होइन, सुरक्षामा समेत महत्वपूर्ण योगदान दिन्छ । कतिपय खाद्यवस्तु हावा मात्र टाइट गर्न सकेमा धेरै दिनसम्म टिक्ने प्रकृतिका हुन्छन् । राम्रो प्याकेजिङ भएका वस्तु लामो समयसम्म बजारमा र घरमा राख्न सकिन्छ । बिग्रेर छिट्टै फिर्ता लिएर फ्याँक्नुपर्दैन ।
विश्व खाद्य संगठनका अनुसार विश्वका ३६ दशमलव ९ प्रतिशत खाद्यान्न उचित प्याकेजिङको अभावमा नष्ट भएका छन् । प्याकेजिङले खाद्यवस्तुको दीर्घकालीन सुरक्षा गर्छ र बजार बढाउनसमेत महत्वपूर्ण सहयोग गर्छ ।
विनकी व्यवस्थापक कलावती सुब्बाका अनुसार लप्सी, तितौरा, जाम, जेलीलगायतका वस्तुमा समेत विनको लेभव राखेर प्याकेजिङ गर्न थालेपछि ७५ प्रतिशतसम्म बिक्री वृद्धि भएको छ । उनका अनुसार पहिला ती वस्तु बजारमा यत्तिकै जान्थे । अहिले पनि अधिकांश तितौरा प्लास्टिकमा प्याक गरिएको हुन्छ । लेभल र प्याकेजिङ देखेपछि मानिसमा विश्वास बढ्छ( उनी भन्छिन् ।
अहिले महिला उद्यमीद्वारा उत्पादित गुन्द्रुक, मस्यौरादेखि हरेक प्रकारका वस्तु विनले प्याकेजिङ गरेर बिक्री गर्न थालेको छ । तर, गंगोलका अनुसार कतिपय वस्तुहरूमा चाहेजस्तो प्याकेजिङ गर्न भने सकिँदैन । अहिले नवरस अचार सबै डुकका प्रशोधित बोतलमा हालेर बिक्री गर्नुपरेको छ । उनले यहाँ सिसा उद्योग नभएकाले छुट्टै आकारमा बोतल निकाल्न नसकिएको बताइन् । यसको बिर्को भने यहाँ नै उत्पादन हुन्छ ।
प्याकेजिङको महत्वलाई अघि बढाउन झन्डै एक वर्षदेखि इन्टरमिडियट टेक्नोलोजी ग्रोथ नेपाल संस्थाले महिला उद्यमीलाई

तालिम दिन थालेको छ । विनसँग सम्बन्धित कतिपय उद्यमीले यो तालिम लिइसकेका छन् । यो संस्थाले विभिन्न वस्तु प्याकेजिङ गर्ने योजना बनाएको छ ।
नेपाल घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष वासुदेव गिरीले साना उद्योगको समस्या नै कमजोर प्याकेजिङ भएको बताउनुभयो । उहाँका अनुसार प्याकेजिङमा ध्यान दिँदा लागत वृद्धि हुन्छ र बजारमा प्रतिस्पर्धा गर्न असजिलो हुन्छ । उहाँका अनुसार ठूला उद्योगहरूले व्यवस्थित रूपमा प्याकेजिङ र लेभलिङ गरेका हुन्छन् । त्यसैले उनीहरूलाई बजार लिन पनि सजिलो भएको हुन्छ । साना उद्योगहरू यसमा प्रतिस्पर्धा गर्न नसकेकाले सधैं पछि परेका हुन्छन् ।
साना तथा घरेलु उद्योगलाई सस्तो मूल्यमा प्याकेजिङ गराउन कसैले सहयोग गरेमा बजार विस्तार गर्न सजिलो हुने उहाँ बताउनुहुन्छ ।

**विधवा प्रथा अब कहिलेसम्म ?**
सम्झना बन

सरिता गौतमको दुई महिनाअघि र दुई महिनापछिको जीवनशैलीमा बिलकुलै परिवर्तन आएको छ । सामान्य लेखपढ गर्न सक्ने सरिताले विवाह भएको तीन वर्ष नबित्दै विधवा हुनुपर्ने नियति भोग्नुपर्‍यो । विधवाको संज्ञा फगत शब्दमा मात्र होइन, व्यवहारमा पनि देखिन् र भोगिन् यी दुई महिनामा सरिताले । उनले लगाउने कपडा अब सेतो मात्र भएको छ । रंगिन काँचका चुराहरू अब हातमा छैनन् । अनि अनुहारमा पूर्णतः मलिनता छाएको छ । त्यसैले पनि होला भर्खर जीवनको २१ औं वसन्त हिँड्दै गरेकी सरितामा सम्पूर्ण उत्साह र रहरहरू सेलाएकोजस्तो देखिन्छ । त्यसो त अब सरितालाई थप जिम्मेवार पनि आएको छ, आफू कसरी बाँच्ने र सात महिनाको छोरालाई कसरी बचाउने भन्ने ? अर्कोतिर श्रीमान्‌को मृत्युको पीडा र अभाव त छँदैछ ।
टीकाथली(१ ललितपुर जिल्लामा किराना पसल चलाएर जीविका चलाउने पसल्नी दिदी (नाम भन्न अस्वीकार) को जीवन पनि श्रीमान् बितेपछिको समय बढी कष्टकर रह्यो । स्वाभाविक रूपमा श्रीमान्‌को मृत्युपछि सबै जिम्मेवारी उनको काँधमा आयो, दुःखसुख आफ्ना जिम्मेवारी पूरा गर्दै पनि गइन् उनले । तर, सबैभन्दा ठूलो चोट उनलाई त्यतिखेर लाग्यो जब विधवा भएकै कारण उनलाई कुनै शुभसाइतमा निस्कन दिइएन । त्यतिखेर उनलाई अत्यन्तै नरमाइलो लाग्यो, हीनताबोध भयो । तर, पनि उपाय केही थिएन कुना पसेर रुनुबाहेक । त्यसो त यसअघि नै विधवा भनेर हेप्ने, उधारो खाएको नतिर्नेजस्ता धेरै समस्या भोगिसकेकी थिइन् उनले ।
माथि उल्लिखित सरिता र पसल्नीदिदीले मात्र नेपालमा रहेका विधवा महिलाको पूर्ण रूपमा प्रतिनिधित्व गर्न सक्दैनन् । धेरै विधवा महिला अझै पनि हेपाइ र उत्पीडन खप्न बाध्य छन् । अनि बढ्दो जिम्मेवारीको रूपमा जीवन चलाउन संघर्षका पाइला चाल्दै पनि छन् । नेपालको परम्परागत प्रचलनमा जब कसैको मृत्यु हुन्छ तब उसको नजिकको आफन्तले काजकिरिया गर्नुपर्ने हुन्छ । तर, श्रीमान्‌को मृत्यु हुँदा श्रीमतीले गर्नुपर्ने काजकिरिया अन्यभन्दा कठिन हुन्छ । परम्परा र संस्कृतिको आडमा नेपाली समाजमा वर्षौंदेखि चलिआएका यस्ता चलनबाट नेपाली महिलाहरू पीडित छन् ।
श्रीमान्‌को मृत्यु हुँदा श्रीमतीले आफ्नो जीवनबाट धेरै कुराहरू छोड्नुपर्ने हुन्छ । विशेषतः रातो कपडा बाँकी जीवनभरि नै लगाउन बन्देज छ । त्यसैगरी राता चुरा, सिन्दूर(पोते छोड्नुपर्ने त अनिवार्य नै छ । यसबाहेक कुनै शुभसाइतमा विधवा महिला देखियो भने साइत बिग्रन्छ भनेर प्रायः शुभ अवसरमा विधवा महिलालाई जान दिइँदैन । त्यसैगरी केही ठाउँहरूमा त विधवा महिलाको हातबाट टीकासमेत लगाइँदैन ।
वास्तवमा विधवा महिलाले छोड्नुपर्ने रंगिन चीजहरूमाथि गरिने व्यवहारको कुनै वैज्ञानिक कारण छैन । यी सबै कुरा धर्म र परम्पराको आडमा गरिने गरिन्छ । बरु गहिरिएर सोच्ने हो भने यस्ता चलन चलाउनुको अर्थ हरेक विधवा महिलाले आफूलाई कमजोर र हीनताबोध गरोस् भन्ने मनसाय नै देखिन्छ । अझ कति ठाउँमा विधवा महिलालाई अब बाँकी जीवन गीता पाठ गरेर बिताऊ, बत्ती कातेर बिताऊ भनेर सुझाव दिने गरेको पनि पाइन्छ । जसले गर्दा विधवा महिला आफू कमजोर भएको महसुस गर्दछन् । सरिता अगाडि भन्छिन्( विवाहपछि लगाएको सिन्दूर(पोते पो लगाउन नहुने तर जन्मेदेखि नै लगाउँदै आएको रातो कपडा, काँचका चुरा किन लगाउन नहुने ? वास्तवमा यो प्रश्नको जवाफ कसैसँग छैन । पसल्नी दिदी प्रश्न गर्नुहुन्छ( कुनै शुभसाइतमा विधवा निस्कँदैमा त्यो साइत बिग्रन्छ र ?
नेपाली समाजमा कुनै पनि विधवा महिलालाई विवाहका लागि प्रोत्साहन गरिँदैन । बरु त्यसको ठीक उल्टो निरुत्साहित गरिन्छ र नराम्रो दृष्टिले हेरिन्छ । तर, महिलाको भन्दा ठीक उल्टो परिस्थिति छ पुरुषका लागि । कुनै पनि पुरुषले श्रीमतीको मृत्यु हुँदा बिना कुनै झन्झट निर्धक्कपूर्वक दोस्रो विवाह गर्न पाउँछ । अझ धेरै ठाउँमा श्रीमतीको मृत्यु भएको वर्षदिन नपुग्दै धेरै पुरुषले विवाह गरिसकेका हुन्छन् र समाजले उसलाई विवाह गर्न प्रोत्साहन पनि गरिरहेका हुन्छ । यसरी के देखिन्छ भने महिला र पुरुषबीच गरिने भेदभाव विधवाको नाममा महिलामाथि गरिने सामाजिक हिंसा हो ।
पुरुषप्रधान नेपाली समाजमा महिलाले पुरुषसरह समान अधिकार कहिल्यै पाउन सकेनन् । करिब एक शताब्दीअघिसम्म तत्कालीन नेपाली समाजमा सती प्रथाजस्तो अमानवीय प्रथा विद्यमान रहनुले पनि नेपाली समाजमा महिलाहरूको स्थिति नाजुक थियो भन्ने कुरालाई प्रष्ट्याउँछ । यसबीचमा आधुनिकीकरण भइरहेको समाज महिला हकहितका लागि केही सहायक बन्यो पुरुषसरह समान हकहित दिलाउन । तर, अझै पनि धेरै क्षेत्र छन् जहाँ नेपाली महिलाले सामाजिक संस्कारको नाममा अनेकौं दुःखकष्ट खेपिरहेका छन् । नेपाली महिलाले अहिले पनि विधवाको नाममा खेपिरहेको समस्या यसको ज्वलन्त उदाहरण

हो । हामी सती प्रथा रहँदाको समाजलाई अहिलेको समयको धरातलमा उभिएर हेर्दा स्तब्ध हुन्छौं । र, त्यस्तो प्रथाको अन्त्य हुन नेपाली महिलाहरूको एउटा ठूलो जीतको रूपमा लिन्छौं । तर, विधवाको नाममा अहिले पनि महिलाप्रति गरिने अमानवीय व्यवहारको बारेमा त्यति धेरै आवाज उठ्न सकिराखेको छैन । अशिक्षित मात्र होइन, धेरै शिक्षित र जाने(बुझ्ेका नेपाली महिलाले पनि प्रायः परम्पराको नाममा यस प्रथालाई निरन्तरता दिइराखेका छन् । जसले यस्ता खराब चलनहरूको खम्बाहरूलाई दरिलो बनाइरहेको छ । वास्तवमै भन्ने हो भने विधुवाको नाममा गरिने व्यवहार अहिले सती प्रथा हो । र, अब एउटा प्रश्न हामी माझ छ के अब यो प्रथालाई जरैदेखि उखालेर फ्याँल्ने बेला भएन र ?

**छाउपडी प्रथा : धार्मिक कुरीतिका नाममा महिलाको शोषण**
गोकर्ण भट्ट

भैंसीको गोठ, एउटा कुनामा परालको गुजुल्टोमाथि पातलो कपडा ओछ्याएर कुकुरजस्तै सुतेको एउटा मानवाकृति । गोबरको गन्ध आइरहेछ, कीरा(फटचांग्राले त्यत्तिकै दुःख दिइरहेछन् । तर पनि जसोतसो रात व्यतित गर्नुपर्ने बाध्यता बनेको छ । दिनभरि मेलापात र गोठपात गरेर थाकेको शरीरले पेटभरि खान पाएको छैन । चार दिनको यो नर्कवास सहनु नै सामाजिक संस्कार र रीतिथिति बनेपछि कसको के लाग्यो र ?
यो दयनीय अवस्था हो सुदूरपश्चिमेली महिलाको । सामाजिक, सांस्कृतिक र आर्थिक रूपमा अति नै पिछडिएका महिलाहरू रजस्वला भएको समयमा निकै शारीरिक र मानसिक पीडा खप्न बाध्य छन् ।
'घरभित्र नै आरामपूर्वक सुत्ने इच्छा कसको हुँदैन र ? यो गोठमा गोबरको गन्ध सहेर सुत्ने रहन त थिएन तर के गर्ने ? चलन नै यस्तो छ ।' बैतडी न्वादेउ गाविसकी पार्वती सिमाल पीडा व्यक्त गर्छिन् । धर्मकर्म नै नाश हुन्छ भन्छन् त्यसैले चलिआएको रीति स्वीकार गर्दै आएको बताउँछिन् उनी ।
विश्वमा लैंगिक समानताका पक्षमा आन्दोलन चलेकोसमेत करिब आधा शताब्दी बित्न लागिसकेको छ तर पनि सुदूरपश्चिमेली समाजमा भने महिलाहरूमाथि छाउपडी प्रथाका नाममा अमानवीय व्यवहारले निरन्तरता नै पाइरहेको छ । यस अवस्थामा साविकको धारा वा पँधेरो पनि वर्जित हुन्छ उनीहरूका लागि । खाना पनि परबाट नै बेग्लै भाँडामा दिइन्छ । अरू कसैले उनीहरूलाई छोएमा पनि उसलाई गाईको गहुँत हाली खुद्ध पारेर मात्र घरभित्र पस्न दिइन्छ ।
हिन्दू धर्म र संस्कृतिका पक्षधरताको दाबा गर्ने पुरोहितहरूले महिलाहरूको मस्तिष्कमा एउटै कुराको रोपण गरेका छन्( यो अवस्था भनेको शारीरिक अशुद्धताको अवस्था हो । त्यसैले रजस्वला भएकी महिलाले आफूलाई अरूभन्दा अलग्गै राख्नुपर्छ । सामाजिक प्रक्रियामा यी दिनहरू उसका लागि प्रवेश निषेध हुन्छन् । यसको उल्लंघन गरिएमा यसले धर्म नाश गर्छ, रीतिथिति बिग्रन्छ, पितृहरूले त्राण पाईंदैनन् ।
यसैगरी नै पीडित छन् रेउली जोशी पनि । सामान्य लेखपढ जान्ने रेउली नछुने भएको बेला अरूले आफूलाई छुन नदिए पनि खानपान र सुत्नमा भने समाजले राम्रो व्यवस्था गर्दा धर्मकर्म नाश नहुने बताउँछिन् । श्रीमान्ले त घरभित्रै सुते पनि हुन्छ भन्नुहुन्छ तर सासूसुसुराले मान्दैनन् । घरभित्र पस्दा धर्म नाश हुन्छन् भन्छन् । दिनभरि खेतमा पसिना चुहाएर थाकेको जीउलाई राति पनि आरामले सुत्न नदिँदा कस्तो कर्म कमाउँछन् होला उनका सासूसुसुराले ? त्यो त रेउलीलाई थाहा छैन तर सासूससुराको अगाडि तर्क गर्ने साहस उनमा छैन । घरभित्र नै बरु एक कुनामा नै भए पनि सुत्छु भनेर सुरुसुरुमा भनेकी थिएँ तर 'लौ कलिजुग आयो, धर्म नाश हुने भो' भन्दै सासूले नै घर हल्लाउन पुगिन् । त्यसपछि त केही बोल्न साहस नै आएन ।
एकातिर गोठमा दुर्गन्धित वातावरणमा बस्नुपर्ने त्यसमा पनि पौष्टिक खाना त कता हो कता सामान्य दूधदहीको सेवन गर्नसमेत नपाइने । अझै गोठमा कीरा(फटचांग्राहरूको टोकाइ, विभिन्न विषालु कीराहरूले टोक्ने डर, अन्य जनावरहरूको आक्रमणको डरसमेत उनीहरूलाई रहेकै हुन्छ । अझै दूधेबालक साथमा छ भने त आमासितै निर्दोष बालक पनि धार्मिक कुरीतिको शिकार बन्न पुग्छ । चिकित्सकहरूका अनुसार एकातिर महिलाको शरीरबाट रगत बग्ने भएकाले उसको स्वास्थ्यमा प्रतिकूल असर पार्छ भने अर्कोतिर बच्चालाई झाडापखाला र अन्य रोगहरू लाग्ने सम्भावना पनि त्यत्तिकै रहन्छ । यसको साथै उनीहरूलाई घरभित्रका सरल कामहरूको साटो खेतमा गाह्रो काम गर्न लगाइने, मेलापातमा जानुपर्ने र अन्य बाहिरका कठिन काममा लगाइने भएकोले पनि उनीहरूको स्वास्थ्य स्थितिमा असर त पर्छ नै । कृष्ण मावि पाटनमा अध्ययनरत छात्रा पवित्रा ( नाम परिवर्तिन) भन्छिन्( हामीले घरमा पुरुषहरूका अगाडि मुखसमेत नदेखाउन पाउने कस्तो धर्म होला ? रजस्वला भएकी स्त्रीले छोएको पानी खाएमा वा खाना खाएमा गिजा पाक्ने, दाँत हल्लिने र शरीरमा कम्पन उत्पन्न हुनेजस्ता गलत धारणाहरू पनि समाजमा व्याप्त नै छन् । यसभन्दा पनि झन् यस्ती महिलाले फलफूलका रुखबिरुवा छोएमा तिनीहरूसमेत सुकेर जाने, बीउबेर्नाहरूसमेत सुकेर जानेजस्ता अत्यन्तै रुढीग्रस्त सोचाइहरूले पनि समाज ग्रसित छ । यस्तै सोचाइका कारण महिलाहरूले रुख र बेर्नाहरूसमेत छुन पाइँदैनन् । तर, जंगलका रुखहरू भने सुक्ने रहेछन् । भारीका भारी घाँस र स्याउलाहरू भने रजस्वला भएकी महिलाले अनिवार्य काट्नैपर्छ ।
डडेलधुरा बगरकोटका राजेश पन्त यसै प्रसंगमा रोचक कुरा भन्छन्( हाम्रो गाउँमा सत्यनारायणको ब्रतकथा चलेको बेला हाम्रै छिमेकी त्यहाँ खानपिन गरी फर्के, दोस्रो दिन त उनी लौ मेरो त गिजा पाक्यो, दाँत हल्लिन थाल्यो, शरीर काप्न थालेको छ । जाँगर मरेर गयो, पक्कै पनि कुनै छुई आइमाई आएकी रहिछ । बित्यासै पाऱ्यो, गहुँत खाएर पनि केही भएन भन्न थाल्यो । उनलाई एउटै शंका थियो( हो न हो पक्कै पनि रजस्वला भएकी महिलाले छोएको पानी खाइएछ । दुई दिनसम्म उनको प्रवचन जारी रह्यो । पछि हामी युवाहरूले कर गरेर उनलाई उपस्वास्थ्यचौकी लग्दा थाहा भयो ब्रतकथामा चिल्लो र पीरो बढी खाएको कारण उनलाई एलर्जी भएको रहेछ तर पनि उनले यो कुरा स्वीकारेनन् ।

रजस्वला भएकी महिलाले सबैथोक गर्न पाउनुपर्छ नै त हामी भन्दैनौं, तर, उसलाई राम्रो खान र राम्ररी सुत्ने व्यवस्था भने मिलाउनुपर्दछ( बैतडी खलंगाका अमिक बोहरा भन्नुहुन्छ ।
धार्मिक संस्कार र रीतिथिति भन्दैमा समाजमा कमजोर वर्गमाथि हुने सामाजिक विभेदका व्यवहारले निरन्तरता पाइरहनुहुन्न । बरु गलत संस्कार र चलनहरू हटाइनुपर्दछ भन्ने अभिव्यक्तिहरू बेलाबेलामा सार्वजनिकसमेत भइरहेका छन् । सिद्धनाथ बहुमुखी क्याम्पस महेन्द्रनगरमा अध्ययनरत छात्र लोकराज भट्ट भन्छन्( धार्मिक संस्कारका कारण महिलाहरू उत्पीडनमा परेका छन । त्यसैले यो पक्षमा संचारकर्मीहरू र अन्य संघसंस्थाहरूले सामाजिक आन्दोलनको उठान गर्नुपर्दछ । सचेतनतामूलक कार्यक्रमहरू चलाउँदै उनीहरूलाई सरसफाइको बारेमा जानकारी गराउनुपर्दछ भन्नेमा राष्ट्रिय मावि धनगढीका शिक्षक अम्बादत्त भट्टसमेत सहमति व्यक्त गर्दछन् । उनी थप्छन्( यो प्रथा महिलाहरूलाई पीडा दिने र उनीहरूमाथि थप दुःख निम्त्याउने प्रथा हो । तसर्थ सचेत बौद्धिक वर्गले आफ्ना घरबाटै यसका विरुद्ध सचेत प्रकारले आन्दोलन गर्नुपर्दछ ।
हिजोका तुलनामा छाउकुलो अर्थात् छाउपडी प्रथाका बारेमा संचारले बढी प्राथमिकताका साथ समाचार सम्प्रेषण गरेको भए पनि पीडित महिलाको पीडा समाजसम्म पुगेको छैन । नेपाल पत्रकार महासंघ कञ्चनपुरका पूर्वसभापति डीआर पन्त भन्छन्( आमसंचारमाध्यमहरूले यसप्रकारका जनसरोकारका विषयलाई वैकल्पिक विषयको रूपमा महत्व दिनुपर्दछ ।
नवयुवा मासिकमा आफ्नो लेखमा उर्मिला पोखरेल लेख्छिन्( खासगरी शिक्षित युवा महिलाहरूले व्यवहारमा आफूलाई ‘अछूत’ मान्न छाड्नुपर्छ ।